**२०७४ साल भदौ २६ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. सम्माननीय प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको–
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय– सम्माननीय प्रधानमन्त्रीको आर्थिक सल्लाहकारमा ज्ञानचन्द्र आचार्यलाई नियुक्ति गर्ने ।

२. अर्थ मन्त्रालय– भुकम्प पछिको पुनर्निर्माणका लागि विश्व बैंकले दाताको संयूक्त कोष मार्फत उपलब्ध गराउने अनुदान सहायता स्वीकार गर्ने ।

३. ऊर्जा मन्त्रालय– राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय– दक्षिण कोरियाको सियोलमा आयोजना हुने "Non Resident Nepali Association (NRNA) Korea ६th National Convention २०१७" मा प्रमुख अतिथिको रुपमा सहभागी हुनको लागि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री यज्ञ बहादुर थापाको भ्रमण स्वीकृत गर्ने ।

५. गृह मन्त्रालय– प्रहरी बरिष्ठ उपरीक्षक पदको दरवन्दी खारेज गरी प्रहरी नायव महानिरीक्षक पदको दरवन्दी सिर्जना गर्ने ।

६. गृह मन्त्रालय– तेश्रो चरणको स्थानीय तह निर्वाचन हुने जिल्लामा सार्वजनिक विदा दिने ।

७. गृह मन्त्रालय– राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने ।

८. परराष्ट्र मन्त्रालय– विदेशमा रहेका नेपाली नागरिकका नेपाली नागरिकता लिई नसकेका सन्ततिलाई राहदानी जारी गर्ने।

९. परराष्ट्र मन्त्रालय– सं.रा. संघको ७२ औं महासभामा भाग लिन जाने एवं मित्रराष्ट्र ओमानको औपचारिक भ्रमण गर्ने प्रतिनिधिमण्डलको गठन गर्ने ।

१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय– लिबर्टी इनर्जी कम्पनी लिमिटेड, लमजुङको नाममा लिखत पास गरी दा.खा. हुने गरी खरिद गर्न स्वीकृति दिने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय– नेपाल सरकारका नाममा रहेको जग्गा गुठी तैनाथी जनाई विरहमा गुम्वा (कर्माराज महाविहार) को नाममा दर्ता गर्न स्वीकृति दिने ।

१२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय– मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोगको अन्तिम पटकका लागि म्याद थप गर्ने ।

१३. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय– स्थानीय तहमा महिला, बालबालिका तथा समाजकल्याण शाखा राख्ने ।

१४. युवा तथा खेलकुद मन्त्रालय– South Asian Youth Summit-2017 मा माननीय मन्त्रीको सहभागिता स्वीकृत गर्ने ।

१५. वन तथा भू-संरक्षण मन्त्रालय– अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

१६. वन तथा भू-संरक्षण मन्त्रालय– तनहुँ जलविद्युत आयोजनालाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने ।

१७. वन तथा भू-संरक्षण मन्त्रालय– लिखु-४ जलविद्युत आयोजना लाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने।

१८. वन तथा भू-संरक्षण मन्त्रालय– बुटवल खानेपानी उप-आयोजनाको रिजर्भायर टंकी निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१९. वाणिज्य मन्त्रालय– संयुक्त राज्य अमेरिकामा आयोजना हुने Press Conference on International Conference and Exhibition on industry and Trade Nepal 2018 मा मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

२०. शहरी विकास मन्त्रालय– अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्षमा नरेन्द्र राज वस्नेतलाई नियुक्ति गर्ने ।

२१. स्वास्थ्य मन्त्रालय– खोप नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२२. विद्युत ऊर्जा, राष्ट्रिय राजमार्ग, रेलमार्ग, विमानस्थल लगायत विकास आयोजनाको द्रुततर कार्यान्वयन तथा अनुगमन गर्ने सम्बन्धमा विशेष व्यवस्था सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल भदौ १९ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. अर्थ मन्त्रालय– Millennium Challenge Corporation संग अनुदान सहायता सम्झौता गर्न अमेरिकाको Washington DC जान स्वीकृति प्रदान गर्ने ।

२. उद्योग मन्त्रालय– औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५२ अनुसार बाधा अड्काउ फुकाउ आदेशका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

३. गृह मन्त्रालय– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयकलाई व्यवस्थापिका-संसद् समक्ष पेश गर्ने ।

४. गृह मन्त्रालय– राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसदसमक्ष पेश गर्ने ।

५. गृह मन्त्रालय– नेपाल खाद्य संस्थानको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वडा नं. ११ भद्रकालीमा रहेको जग्गा महानगरीय प्रहरी परिसर काठमाडौंलाई उपलब्ध गराउने ।

६. जनसंख्या तथा वातावरण मन्त्रालय– International Renewable Energy Agency को सदस्यताको लागि व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

७. परराष्ट्र मन्त्रालय– Biological Weapons Convention लाई बार्षिक अनुदान भुक्तानी गर्न स्वीकृति दिने ।

८. परराष्ट्र मन्त्रालय– उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलको कार्यावधि थप गर्ने ।

९. परराष्ट्र मन्त्रालय– माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीको जनवादी गणतन्त्र चीनको औपचारीक भ्रमण स्वीकृत गर्ने ।

१०. वन तथा भू-संरक्षण मन्त्रालय– चौमाला बहुमुखी क्याम्पस, कैलालीलाई राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

११. वन तथा भू-संरक्षण मन्त्रालय– सडक योजनाहरुको स्तरोन्नतिका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने।

१२. वन तथा भू-संरक्षण मन्त्रालय– डोलेश्वर-आशापुरी-परमहंश आश्रम सडक योजनाको स्तरोन्नति कार्यका लागि वन क्षेत्र प्रयोग गर्न दिने।

१३. विज्ञान तथा प्रविधि मन्त्रालय– 2017 RCA स्वीकृतिका लागि नेपाल सन्धी ऐन, २०४७ को दफा ४(१) वमोजिमको प्रस्ताव व्यवस्थापिका संसदमा पेश गर्ने।

१४. शिक्षा मन्त्रालय– उच्चस्तरीय शिक्षा आयोग तथा उच्चस्तरीय कार्यदल गठन गर्ने ।

१५. सामान्य प्रशासन मन्त्रालय– निजामती सेवा पुरस्कार प्रदान गर्ने ।

१६. सूचना तथा सञ्चार मन्त्रालय– World Telecommunication Development Conference 2017 मा माननीय सूचना तथा सञ्चार मन्त्री लाई भाग लिन स्वीकृति प्रदान गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल भदौ १७ गते शनिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. ऊर्जा मन्त्रालय— पंचेश्वर वहुउद्देश्यीय आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डि.पी.आर) लाई अन्तिम रुप दिन गठित नेपाल-भारत विशेषज्ञ/पदाधिकारीहरुको टोलीको दोस्रो बैठकमा सहभागी हुन स्वीकृति दिने ।

२. गृह मन्त्रालय— लोक सेवा आयोगको परामर्श माग गर्न सैद्धान्तिक स्वीकृति दिने ।

३. गृह मन्त्रालय— रासन वापत नगद उपलब्ध गराउने ।

४. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री शंकरप्रसाद अधिकारी | सचिव, निर्वाचन आयोग | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | श्री डइन्द्र प्रसाद उपाध्याय | सचिव, वाणिज्य मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री चन्द्रकुमार घिमिरे | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, वाणिज्य मन्त्रालय |
| ४. | श्री बेगेन्द्रराज शर्मा पौडयाल | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, निर्वाचन आयोग |

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

मं.प.बै.सं. ३०।०७४

**२०७४ साल साल भदौ १४ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन, २०७४ नेपालको संविधानको धारा २८६ को उपधारा (९) बमोजिम संघीय संसद (व्यवस्थापिका-संसद) समक्ष पेश गर्ने ।

२. निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन, २०७४ नेपालको संविधानको धारा २८६ को उपधारा (९) बमोजिम कार्यान्वयनका लागि निर्वाचन आयोगमा पठाउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

मं.प.बै.सं. २९।०७४

**२०७४ साल भदौ १४ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— जलाशययुक्त आयोजना क्षेत्रभित्र पर्ने अन्य पूर्वाधार विकास आयोजनाहरु सञ्चालन सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. २ को निर्वाचन व्यवस्थित गर्न अवरूद्ध सडक मर्मत सम्भार तथा आकस्मिक कार्यको जिम्मेवारी नेपाली सेनालाई दिने।

३. अर्थ मन्त्रालय— निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।

४. अर्थ मन्त्रालय— एशियाली विकास बैंकवाट भन्सार क्षेत्रको सुधार तथा आधुनिकीकरणको लागि ऋण सहायता स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय— एशियाली विकास बैंकबाट करिब रु.१५ अर्ब ४८ करोड ऋण तथा अनुदान सहायता स्वीकार गर्ने ।

६. अर्थ मन्त्रालय— सार्वजनिक संस्थान तथा सरकारी स्वामित्वमा भएका समिति, बोर्ड, कम्पनी तथा संस्थानहरूको नाममा रहेको घर/जग्गा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७४" लाई स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

७. ऊर्जा मन्त्रालय— पञ्चेश्वर वहुउद्देश्यीय आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डि.पी.आर) लाई अन्तिम रुप दिन गठित संयुक्त विशेषज्ञ/पदाधिकारीहरुको टोलीको पहिलो बैठकलाई समर्थन गर्ने ।

८. ऊर्जा मन्त्रालय— राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

९. परराष्ट्र मन्त्रालय— नेपाल सरकार र The European Organization for Nuclear Research (CERN) बीच अन्तराष्ट्रिय सहयोग सम्झौतामा हस्ताक्षर गर्ने।

१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— सिराहा जिल्लामा द्वन्द्वबाट क्षतिग्रस्त भूमिलगत पुनर्स्थापन गर्न जग्गा नापजाँच गर्नका लागि स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा यस विषयमा दीर्घकालिन समाधान पहिल्याउने गरी छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति गठन (दोस्रो संशोधन) आदेश, २०७४" स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा यस विषयमा दीर्घकालिन समाधान पहिल्याउने गरी छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— राजपत्रांकित अधिकृत स्तरको अस्थायी दरवन्दी सिर्जना गर्ने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— NORMS FOR RATE ANALYSIS OF ROAD AND BRIDGE WORKS – 2074 स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१४. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय— अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१५. रक्षा मन्त्रालय— प्रमुख सेनानी अनिल खड्का समेत ११ जना प्रमुख सेनानीहरुलाई पदोन्नति गरी पदस्थापन गर्ने तथा महा सेनानी निरमान सिंह गुरुङ्ग समेत ७ जना महा सेनानीहरुलाई सरुवा गर्ने ।

१६. रक्षा मन्त्रालय— नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री समेतको भ्रमण दललाई संयुक्त अरव ईमिरेटस जान स्वीकृति दिने।

१७. रक्षा मन्त्रालय— रक्षा मन्त्रालयका सचिव श्रीधर सापकोटासहितकोभ्रमणदललाई Defence and Security Exhibition International (DESI) मा सहभागी हुन स्वीकृति दिने ।

१८. रक्षा मन्त्रालय— पोल्याण्डमा आयोजना हुन लागेको Defence Industries Exhibition (MSPO) मा सहभागी हुन रक्षामन्त्री श्री भीमसेन दास प्रधानलाई स्वीकृति दिने।

१९. रक्षा मन्त्रालय— सहायक रथी राजेन्द्र कार्कीलाई उपरथी दर्जामा पदोन्नति गर्ने ।

२०. शिक्षा मन्त्रालय— चिकित्सा शिक्षा सम्बन्धी जाँचवुझ आयोगको म्याद थप गर्ने ।

२१. शिक्षा मन्त्रालय— स्थानीय तहमा शिक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२२. शिक्षा मन्त्रालय— शिक्षा नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय— जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम संचालन कार्यविधि स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गर्दा मर्मत, सम्भार र सरसफाई पक्ष समेतको उचित प्रवन्ध गर्ने गरी समितिको निर्णयबमोजिम गर्ने ।

२४. सहकारी तथा गरिबी निवारण मन्त्रालय— गरिव घरपरिवार सहयोग समन्वय बोर्डको कार्यकारी उपाध्यक्षमा श्रीहर्ष कोइरालालाई नियुक्त गर्ने।

२५. सहरी विकास मन्त्रालय— अस्थायी दरवन्दी स्वीकृत गर्ने।

२६. सिंचाइ मन्त्रालय— विकास आयोजना/कार्यक्रमको लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

२७. नेपालको संविधानबमोजिम प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै पटक गर्ने गरी दुई चरणमा निर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि दोस्रो चरणको निर्वाचनको मिति २०७४ साल मंसिर २१ गते बिहिबार तोक्ने । मुलुकको भौगोलिक अनुकूलतासमेतलाई विचार गरी दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनका लागि प्रदेश/जिल्ला/निर्वाचन क्षेत्रहरू निर्वाचन आयोगले नै निर्धारण गर्ने ।

२८. ११ सेप्टेम्बर २०१७ का दिन संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा हुने New York Pledging Event for Human Rights Council Candidates विषयक कार्यक्रममा नेपाल सरकारको तर्फबाट संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधिले सहभागिता जनाउने ।

२९. नेपालको संविधानको धारा २८८ को उपधारा (३) बमोजिम प्रदेशको कार्यसञ्चालन हुने स्थान तोक्ने सम्बन्धी प्रस्ताव पेश गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

३०. नेपालको संविधानको धारा १६३ अनुसार प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा रहने प्रदेश प्रमुखको नियुक्तिसम्बन्धी विषय मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३१. नेपाल सरकार, मन्त्रिपरिद्को मिति २०७४/१/२१ को बैठकबाट स्वीकृत अधिकार सम्पन्न संघीय प्रशासनिक पुनः संरचना समितिको कार्यादेशमा देहायको कार्यादेश समेत थप गर्ने —

(क) नेपालको संविधानको अनुसूची एवं मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविस्तृतीकरण अनुसार प्रदेश सरकारको कार्यक्षेत्रसँग सम्बन्धित निकायहरूलाई प्रदेश संरचना अनुकूल हुने गरी पुनर्संरचना गर्ने विषय ।

(ख) संविधान बमोजिम नियुक्त हुने प्रदेश प्रमुखको सेवा, शर्त र सपथसम्बन्धी कानुनको मस्यौदा, नियुक्तिसम्बन्धी मापदण्ड र संगठन संरचनासम्बन्धी विषय ।

३२. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री शंकरप्रसाद अधिकारी | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव, निर्वाचन आयोग |
| २. | श्री प्रेमकुमार राई | सचिव, आपूर्ति मन्त्रालय | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय |
| ३. | श्री खगराज बराल | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | क्षेत्रीय प्रशासक, सुदूरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, दिपायल काज, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४. | श्री गोपीनाथ मैनाली | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ५. | श्री कृष्णप्रसाद देवकोटा | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सचिव, आपूर्ति मन्त्रालय |
| ६. | श्री शम्भु कोइराला | क्षेत्रीय प्रशासक, मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडा | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ७. | श्री महेश्वर न्यौपाने | सचिव, निर्वाचन आयोग | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ८. | श्री कृष्णराज बी.सी. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय |
| ९. | श्री रेश्मीराज पाण्डे | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्षेत्रीय प्रशासक, मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडा |

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**२०७४ साल भदौ ५ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. नेपालको संविधानबमोजिम प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्बत २०७४ साल मंसिर १० गते आइतबार गर्ने गरी निर्वाचनको मिति तोक्ने र सो को लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सुदूरपश्चिम विकास आयोगको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालय— नेपाल र बंगलादेश सरकार वीच हुने 'Agreement on Avoidance of Double Taxation and The Prevention of Fiscal Evasion on Taxes on income ' मा हस्ताक्षर गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

४. अर्थ मन्त्रालय— व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको दोस्रो चरण कार्यान्यनका लागि विश्व बैंकबाट प्राप्त हुने ऋण सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने।

५. आपूर्ति मन्त्रालय— उपभोक्ता संरक्षण सम्बन्धी विधेयक मस्यौदा गर्न स्वीकृत प्रदान गर्ने।

६. आपुर्ति मन्त्रालय— आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड,२०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मापदण्ड संशोधनको विषय अभिलेखमा रहने गरी प्रस्ताव फिर्ता गर्ने ।

७. उद्योग मन्त्रालय— NBSM तथा BIS बीच गुणस्तर निर्धारण (STANDARDIZATION) तथा समरुपता मूल्यांकन (CONFORMITY ASSESSMENT) जस्ता कार्यहरुका क्षेत्रमा सहकार्य गर्ने विषयको सम्झौता (Agreement) स्वीकृत गर्ने ।

८. कृषि विकास मन्त्रालय— अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

९. गृह मन्त्रालय— साविकको रुकुम र नवलपरासी जिल्लाका सम्बन्धमा संवैधानिक ब्यवस्था अनुसार जिल्ला समन्वय समितिको निर्वाचनको ब्यवस्था मिलाउन निर्वाचन आयोगलाई अनुरोध गर्ने।

१०. गृह मन्त्रालय— आर्थिक सहायता उपलब्ध ।

११. गृह मन्त्रालय— नेपाल सरकार र भारत सरकार बीचमा हुने Drug Demand Reduction and Prevention of Illicit Trafficking in Narcotics Drug, Psychotropic Substances and Precursor Chemicals and Related Matters सम्बन्धी Memorandum of Understanding (MoU) गर्ने ।

१२. परराष्ट्र मन्त्रालय— सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले गर्नुहुने गणतन्त्र भारतको राजकीय भ्रमणको लागि प्रतिनिधिमण्डलको गठन गर्ने ।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— वातावरण मैत्री विद्युतीय सवारी साधन तीन पाङ्ग्रे (सफा टेम्पो) को पत्रु गर्ने समयावधि यातायात व्यवस्था विभागले तोक्ने शर्तहरूमा देहायको शर्त समेत समावेश गर्ने गरी ३० बर्ष कायम गर्ने ।

क) सञ्चालनमा ल्याइने सफा टेम्पो यात्रु मैत्री वनाइनु पर्ने ।

ख) सफा टेम्पोलाई मर्मत सम्भार र रङ्ग रोगन गरी भित्री वाहिरी सजावट सहरी यातायात सुहाउँदो र दुरुस्त राख्नु पर्ने ।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय—नेपाल सरकार र भारत सरकार बीचको समझदारीपत्रमा हस्ताक्षर गर्ने ।

१५. रक्षा मन्त्रालय— महासेनानी भाईकृष्ण खत्रीलाई मानार्थ सहायक रथी दर्जामा बढुवा गर्ने ।

१६. रक्षा मन्त्रालय— तेस्रो चरणको स्थानीय तह निर्वाचनमा नेपाली सेना परिचालन गर्ने।

१७. विज्ञान तथा प्रविधि मन्त्रालय— पारमाणविक प्रविधि र आयनिकृत विकीरणको उपयोग, सुरक्षित र शान्तिपूर्ण प्रयोगलाई नियमित र व्यवस्थित गर्न सो सम्बन्धी कानूनी व्यवस्था गर्न सैद्धान्तिक स्वीकृति दिने।

१८. शान्ति तथा पुनर्निर्माण मन्त्रालय— तराई, मधेस तथा थरुहट आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने ।

१९. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— अस्थायी दरबन्दी सिर्जना गर्ने।

२०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (सातौं) नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२१. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालनकार्यविधि) (दोस्रोसंशोधन (नियमावली, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२२. सामान्य प्रशासन मन्त्रालय— सहसचिव श्री लालशंकर घिमिरेलाई उपराष्ट्रपतिको कार्यालयको विशिष्ट श्रेणीको सचिव पदमा कायम मुकायम मुकरर गर्ने ।

२३. सूचना तथा सञ्चार मन्त्रालय— चलचित्र विकास वोर्ड अध्यक्षमा अर्को व्यवस्था नभए सम्मका लागि सूचना तथा सञ्चार मन्त्रालयका सहसचिव श्री रामचन्द्र ढकाललाई चलचित्र विकास वोर्डको अध्यक्षको समेत काम गर्ने गरी तोक्ने ।

२४. स्वास्थ्य मन्त्रालय— नयाँ स्वास्थ्य नीति निर्माणको लागि उच्चस्तरीय समिति गठन गर्ने ।

२५. बढुवा समितिको सिफारिश अनुसार निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री रेश्मीराज पाण्डेलाई बढुवा गर्ने ।

२६. खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव श्री भीमप्रसाद उपाध्यायको उमेरको हदको कारणबाट मिति २०७४।५।१४ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२७. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/४/५ को निर्णयानुसार निर्वाचन क्षेत्र निर्धारण आयोगका सदस्य सचिव र कार्यरत कर्मचारीहरूलाई खाइपाइ आएको तलवको पचास प्रतिशत भत्ता उपलब्ध गराउने निर्णय भएकोमा उक्त आयोगको च.नं. ४५ मिति २०७४/५/२ को पत्रबाट माग भइ आएबमोजिम आयोगका सदस्य सचिव र कार्यरत कर्मचारीहरुलाई शुरू तलव स्केलको १२२ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

२८. राष्ट्रिय योजना आयोगको च.नं.१२७ मिति २०७४/४/२६ को पत्रलाई दृष्टिगत गरी सिंहदरवार परिसरको दक्षिण-पूर्वी भागमा हाल निर्माण सम्पन्न हुने क्रममा रहेको राष्ट्रिय सतर्कता केन्द्रका लागि भनिएको भवन आफ्नो भवन नबनुञ्जेल सम्मका लागि राष्ट्रिय योजना आयोग तथा सचिवालयका लागि र

हाल राष्ट्रिय योजना आयोगले प्रयोग गर्दै आएको मुद्रण विभागको भवन राष्ट्रिय सतर्कता केन्द्रका लागि उपलब्ध गराउने ।

२९. नेपालको संविधानबमोजिम प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्बत २०७४ साल मंसिर १० गते आइतबार गर्ने गरी निर्वाचनको मिति तोक्ने र सो को लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**